FACT Fertility Awareness for Community Transformation

## समुदाय रुपान्तरणका लागि प्रजनन् शिक्षा परियोजना



फोटो क्रेडिट Nokafu Sandra Chipanta, IRH

## प्रगती : "गुणस्तरीय जीवनको लागि प्रजनन् सचेतना"

**कार्य क्षेत्र**

पाँच जिल्लाहरुः बाजुरा, प्यूठान, रुपन्देही, नुवाकोट, सिराहा

**साझेदार संस्थाहरु**

प्रजनन् स्वास्थ्य संस्था, जर्जटाउन विश्वविद्यालय र सेभ द चिल्ड्रन

**दातृसंस्था**

अमेरिकी अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (युएसएड) अर्न्तगत समुदाय रुपान्तरणका लागि प्रजनन् सचेतना ( फ्याक्ट) परियोजना (२०१३-२०१८ सम्म)

**लक्षित वर्ग/समूहहरु**

- विवाहित र अविवाहित किशोर तथा किशोरीहरु
- जनजाती, दलित, मुस्लिम जस्ता पहुँच बाहिर रहेका समुदायहरु




# प्रगती के हो ?

## अवधारणा : एक सहभागितामूलक क्रियाकलाप

प्रगतीले समुदायमा अवस्थित संजालहरु मार्फत श्रृंखलावद्ध खेल खेलाई व्यक्तिगत तहसम्म प्रजनन् र परिवार नियोजन सम्बन्धि शिक्षा दिई सचेतना फैलाउदै अन्य व्यक्ति व्यक्ति बिच छलफल गर्ने वातावरण सिर्जना गदर्छ । प्रगतीका खेलहरुले परिवार नियोजनको प्रयोग र व्यवहार परिवर्तनमा सकारात्मक प्रभाव पार्ने सामाजिक तथा लैङ्गिक मुल्य र मान्यताहरु बारेमा छलफल गर्नमा सहजिकरण गर्छन् । खेलहरुले सहभागीहरुलाई सकारात्मक सामुदायिक व्यवहारलाई अवरोध गर्ने विध्यमान सामाजिक बाधाहरु जस्तै उनीहरुको व्यक्तिगत सोचाई वा अरुको मुल्य मान्यताहरुका बारे गहिरिएर समिक्षा गर्न मद्दत गर्छ । प्रगतीले सहभागीहरुलाई प्रचलित सामाजिक मान्यता र व्यवहारलाई पूर्ण रुपले बुझ्न, भविष्यको बारेमा गहिरिएर सोच्न र त्यसअनुसार व्यवहार परिर्वतन गर्न मद्दत गर्छ ।

स्थानिय सहजकर्ताहरुले परिवार र समुदायमा प्रभावकारी तरिकाले खेलहरुको माध्यमबाट जानकारी र त्यसको महत्व बुझाउन सहजीकरण गर्छन् । प्रगती खेलको सहजिकरण गर्न खेल सामाग्री सहितको सहजकर्ता निर्देशिका उपलब्ध छ । प्रगती र समुदायस्तरका संजालहरुसँगको साझेदारीले समुदायमा प्रगती अवधारणालाई लामो समयसम्म सहयोग र सेवा प्रदान गर्न मद्दत गर्दछ ।

**स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति** : यो समितिले पिछडिएको वर्गमा सेवा र श्रोतको पहुँच पु्याउन समन्वय गर्ने ।

**स्वास्थ्य संस्थास्तरका सेवा प्रदायकहरु** : खेल कार्यान्वयन भए नभएको हेर्ने तथा तथ्याङ्क संकलनको अनुगमन गर्ने ।

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका** : स्वास्थ्य आमा समूह साथै समुदायमा पनि प्रगती खेल खेलाउने र प्रवर्द्धन गर्ने ।

**स्वास्थ्य आमा समुह च्याम्पियनः** समुदायमा प्रगती खेल खेलाउने र प्रवर्द्धन गर्ने ।

**पुरुष च्याम्पियन :** खेलहरुको माध्यामबाट प्रजनन् र परिवार नियोजनसँग सम्बन्धित सामाजिक तथा लैङ्गिक मूल्य र मान्यताको बारेमा विध्यमान समूहहरु जस्तै वडा नागरिक मञ्चलाई गहिरिएर कुराकानी गर्न उत्प्रेरित गर्ने ।

## अनुसन्धान तथा मूल्याङ्कन:

परिवार नियोजनको प्रयोग र प्रयोग गर्ने विचारबारे कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्न मिश्रित विधिमा आधारित अर्ध-प्रयोगात्मक अध्ययन भईरहेको छ । यस बाहेक, यो अध्ययनले स्थानीय प्रचलन र प्रजनन् सचेतनाबीचको सम्बन्ध पत्ता लगाउने, सामाजिक तथा लैङ्गिक मान्यताबारे मापन गर्ने र प्रवासी पुरुषहरुले सामाजिक तथा परिवार नियोजनको नतिजामा के कस्तो असर पार्छ भन्नेबारे जानकारी प्रदान गर्दछ ।

अध्ययनले प्रगती कार्यक्रममा सुधार गर्नुपर्ने पक्ष र यसको सम्भावित विस्तारको बारेमा जानकारी दिने छ साथै यसले प्रजनन् सचेतनामा अभिवृद्धि गरि परिवार नियोजनको प्रयोग गर्ने धारणामा सुधार ल्याउन र व्यवहार परिवर्तन गर्ने बारे जानकारी गराउँनेछ । तथ्याङ्क संकलनका विधिहरु :

- **बेसलाइन र इन्डलाइन सर्वेक्षण**बाट प्रजनन् सचेतनामा अभिवृद्धि र परिवार नियोजनको प्रयोग बारे लेखाजोखा गर्ने ।
- **अवलोकनात्मक तथ्याङ्क**बाट प्रगतिको कार्यान्वयन र विस्तारको सम्भावना बारे जानकारी हासील गर्ने ।
- **लक्षित समूह छलफल**बाट समुदाय मार्फत प्रजनन् सचेतना कसरी फैलिएको छ भन्ने बारे थाहा पाउने ।
- **गहन अन्तरवार्ता**बाट कार्यक्रम सम्बन्धि धारणा र परिवार नियोजनको प्रयोगमा कत्तिको प्रभाव पारेको छ भनेर थाहा पाउन ।

**प्रजनन् सचेतना :** आफ्नो परिस्थिति र आवश्यकता अनुसार प्रजनन्शिलता बारे जीवनभर व्यवहारमा लागू गर्न सकिने जानकारी र क्षमतालाई जनाउँछ । यसमा महिनावारी चक्रको बारेमा सामान्य जानकारी, कहिले/कसरी गर्भाधान हुन्छ, चक्रको विभिन्न समयमा असुरक्षित यौन सम्पर्क राख्दा गर्भ रहने सम्भवना र पुरुष प्रजननशिलताका बारेमा जानकारी समावेस गरिएको छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

USAID
अमेरिकी जनताबाट

## खेलहरु :



**महिनावारी चक्र खेल**
यस खेलले प्रजनन् तथा महिनावारी चक्रको बारेमा तथ्य_ सन्देशहरु दिई यस सम्बन्धी खुल्ला छलफल गर्न र पुरुषलाई सहभागी गराउने बातावरण तयार पार्दछ । यसखेलले महिनावारी चक्रका "रगत बग्ने दिन" "गर्भाधारण हुने र नहुने सम्भावित दिनहरु" लाई चिनाउँछ ।



**छोरा वा छोरी खेल**
यो खेलले छोरा र छोरीलाई प्रतिनिधित्व गर्ने गरी फरक रंगको दानाहरू प्रयोग गरेर कसरी पुरुषको शुक्रकीटले कसरी बच्चाको लिङ्ग निर्धारण गर्छ भनी बुझाउँछ ।



**साधन र साधारण असरहरुको जोडा मिलाउने खेल**
यो खेलले तत्कालिन साधारण असरहरु र दीर्घकालिन परिणामहरुको डर नै परिवार नियोजनका साधन प्रयोगको लागि महत्वपूर्ण बाधा हुन् भनी पहिचान गर्छ । यो खेलले साधारण असरहरु के के हुन्, र यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर सचेतना बढाउँछ ।



**जीवन चक्र खुट्टे खेल**
खुट्टे खेलमा प्रयोग हुने विभिन्न कोठाहरुले फरक फरक उमेर समूहलाई जनाउँछ । यो खेलले जीवनचक्रमा प्रजनन् स्वास्थ्य सम्बन्धि निर्णय कहिले र कसले लिने भन्ने बारे छलफल गर्न प्रोत्साहन गर्छ ।



**तातो आलु खेल**
महिला र पुरुषले प्रजनन् वा परिवार नियोजनबारे छलफल गर्नु हुन्न भन्ने नेपालको सामाजिक मान्यता रहे पनि यो खेलले परिवार नियोजनको फाईदाबारे खुला छलफल गर्न प्रोत्साहन गर्छ । यस खेलमा प्रजनन्, पहिलो बच्चा ढिलो जन्माउने बारे दम्पती बिच छलफल जस्ता विषय समावेश छन् ।



**सहमत असहमत खेल**
"सहमत" र "असहमत" दुई शब्द लेखिएका दुई कार्डहरुको प्रयोग गरी यो खेलले सहभागीहरुलाई परिवार नियोजन, प्रजनन, निर्णय प्रक्रिया र सुखी परिवारको लागि के कुराहरुले योगदान गर्छन् भन्ने सम्बन्धि भनाईहरुमा सोच्न चुनौति दिन्छ ।



**जोडा मिलाउने खेल**
यस खेलमा परिवार नियोजनका साधानको नाम, प्रयोग, प्रभावकारिता र प्रजनन्शीलता फर्कनेबारे जानकारी र चित्रहरु समावेस गरिएका जोडी कार्डहरु छन् जुनबाट पुरुष र महिलाहरुले आधुनिक परिवार नियोजनका साधनबारे सिक्न र बुझ्न सक्नेछन् ।



**साधारण असर खेल**
सहभागीहरुले परिवार नियोजनका साधनहरुको साधारण असर र साधनका भ्रमबारे चित्र भएका २० वटा कार्डहरु एउटै ठाँउमा मिसाउँछन् जसबाट साधारण असर भएका कार्डहरुलाई छुट्याई त्यसबाट एउटा नेपाली सुखी परिवारको पुर्ण चित्र बन्छ । यस खेलबाट सहभागीहरुले साधारण असर र भ्रम छुट्याउन सक्छन् ।



**भूमिका खेल**
परिवार नियोजन सम्बन्धि निर्णय गर्दा प्रायजसो साथी, परिवार र अन्य मानिसहरुको व्यक्तिगत् बुझाईले प्रभाव पार्छन् । यो खेलमा यस्ता कुराकानीको अभ्यास गर्नको लागि समुदायका मुख्य मानिसहरुको ८ वटा फोटोहरु प्रयोग गरी अभ्यास गराईन्छ